# स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

# स्मार्ट कृषि गाउँ सहयोगी कार्यक्रम सञ्चालन विधि, २०७६


प्रदेश सरकार

प्रदेश नं. ५

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, रुपन्देही

नेपाल

**website: molmac.p5.gov.np**

**Email: molmac.butwal@gmail.com**

**sav.ministry2075@gmail.com**

प्रदेश सरकार

प्रदेश नं. ५

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

बुटवल, रुपन्देही

नेपाल

---

फोन नं. : ०७१-५४००२६

Email : molmac.butwal@gmail.com

website : molmac.p5.gov.np

# स्मार्ट कृषि गाँउ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

# स्मार्ट कृषि गाँउ सहयोगी कार्यक्रम सञ्चालन विधि, २०७६

प्रदेश सरकार

प्रदेश नं. ५

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, रुपन्देही

नेपाल

website: molmac.p5.gov.np

Email: molmac.butwal@gmail.com

sav.ministry2075@gmail.com

# स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

मितिः २०७६/०८/०२ मा प्रदेश सरकार (मन्त्रीपरिषद्)बाट स्वीकृत

<u>**प्रस्तावनाः**</u> प्रदेश नं. ५ अन्तर्गत मौलिक पहिचान भएका कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन आधुनिक र समयसापेक्ष तरीकाबाट गर्न प्रदेश सरकारले निजी, कृषक समूह तथा सहकारी, स्थानीय तह, शैक्षिक तथा अनुसन्धान संस्था लगायतको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले प्रत्येक निर्वाचन क्षेत्रको कम्तीमा एक स्थानमा दिगो कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गर्दै कृषकको आयस्तर वृद्धिका साथै खाद्य सुरक्षामा सुधार गर्ने उद्देश्यले स्मार्ट कृषि गाउँ कार्यक्रमलाई सरल, सहज, पारदर्शी र व्यवस्थित ढंगले कार्यान्वयन गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) ले प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम "स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि २०७६" बनाइ लागू गरेको छ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम "स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" हुनेछ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “इकाई” भन्नाले दफा ९ को उपदफा (१) बमोजिमको कार्यक्रम व्यवस्थापन इकाई सम्झनु पर्छ।

(ख) “कार्यक्रम निर्देशक समिति” भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ग) "कृषक समूह" भन्नाले सरकारी निकायमा दर्ता भएका कृषकहरुको समूहलाई सम्झनु पर्छ।

(घ) “कृषि सहकारी” भन्नाले प्रचलित कानून बमोजिम गठन भई दर्ता गरिएको कृषि सहकारी संस्थालाईं सम्झनु पर्छ।

(ङ) “कृषि विश्वविद्यालय” भन्नाले कृषि तथा वन विश्वविद्यालय लगायत कृषि तथा पशुसम्बन्धी अध्ययन अध्यापन गराउने अन्य विश्वविद्यालयलाई समेत सम्झनु पर्छ।

(च) “कृषि वा पशुजन्य उत्पादन” भन्नाले कृषि क्षेत्रबाट उत्पादित खाद्यान्न, तरकारी, फलफूल, तेलहन, दलहन, मसला बाली, पुष्प, च्याउ, मह, दूध, मासु, अण्डा, ऊन आदि वस्तुलाई सम्झनु पर्छ।

(छ) “गैर सरकारी क्षेत्र” भन्नाले नेपाल सरकारको सम्बन्धित निकायमा कानूनबमोजिम दर्ता भएको कृषक समूह वा समिति, सहकारी संस्था, सामुदायिक संस्था, व्यावसायिक सँगठन, फर्म, कम्पनी एवम् निजी उद्यमी समेतलाई सम्झनु पर्छ।

(ज) “द्विपक्षीय वा वहुपक्षीय सम्झौता” भन्नाले सम्वन्धित कार्यालय र साझेदारहरुका बीच स्मार्ट कृषि गाउँ कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि गरिएको सम्झौता सम्झनु पर्छ।

(झ) "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालयअन्तर्गतको कृषि विकास निर्देशनालय र पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(ञ) "निर्वाचन क्षेत्र" भन्नाले प्रदेश सभा निर्वाचन क्षेत्रहरुलाई सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ठ) "सम्बन्धित कार्यालय" भन्नाले मन्त्रालय मातहतका कार्यालयहरु सम्झनु पर्छ।

(ड) "स्मार्ट कृषि गाउँ" भन्नाले विशिष्टता अनुसारको बाली तथा पशुपंछी सुहाउँदो जलवायु तथा वातावरणमैत्री अभ्यास, सिंचाइ तथा आधुनिक उत्पादन प्रविधिको प्रयोग एवम् जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गर्दै कृषिको उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धी गरी आयआर्जनमा संलग्न भएको कम्तीमा ५० घरधुरी भएको सिकाइयोग्य समुदाय सम्झनु पर्छ।

(ढ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र उप-महानगरपालिकालाई सम्झनु पर्छ।

(ण) "साझेदार" भन्नाले स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनको लागत सहभागितामा सञ्चालन गर्नका लागि ईच्छुक स्थानीय तह, निजी व्यवसायी, सहकारी, कृषि विश्वविद्यालय, नेपाल कृषि अनुसन्धान परिषद्, गै.स.स. आदि समेत सम्झनु पर्छ।

(त) "विज्ञ केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँ कार्यक्षेत्र भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ।

(थ) "ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँ कार्यक्षेत्र भएको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

३. **कार्यक्रमको उद्देश्यः** यो कार्यक्रम देहायका उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिनेछः-

(क) कृषि उत्पादनलाई बजारमुखी, व्यवसायमुखी, नाफामुखी र आत्मनिर्भर बनाइ कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी दिगो आयस्तर वृद्धि गर्न "एक नमूना गाउँ" को रुपमा विकास गर्नु।

(ख) बाँझो र खाली रहेका कृषि जग्गाको समुचित प्रयोग तथा स्थानीय स्तरमा उपलब्ध श्रोत साधन र कृषि जैविक विविधताहरुको संरक्षण तथा प्रवर्द्धन गर्नु।

(ग) कृषिक्षेत्रको वातावरणीय जोखिम न्यूनीकरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धिबाट दिगो खाद्य तथा पोषण सुरक्षा सुनिश्चिता गर्दै निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउनु।

(घ) महिला तथा युवा उद्यमशीलताको विकास गर्दै कृषिमा रोजगारीका अवसरहरु सिर्जना गरी हालको बेरोजगारी दरलाई न्यूनीकरण गर्दै लैजानु।

## परिच्छेद -२

## कार्यक्रमको विषयवस्तु

४. **स्मार्ट कृषि गाउँमा सञ्चालन गरिने कार्यक्रमका सम्भाग तथा उपक्षेत्रहरु**

(१) प्रस्तावित स्मार्ट कृषि गाउँहरुमा अनुसूची-१ बमोजिमको मोडलमा कार्यक्रमहरु सञ्चालन हुनेछन्। उक्त कार्यक्रम सञ्चालनका लागि देहायबमोजिमका सम्भागहरु समावेश गरिनेछ :-

(क) जलवायु स्मार्ट (Climate Smart): जलवायु स्मार्ट सम्भागतर्फ क्षेत्र विशेष जलवायु समानुकूलित प्रविधि र अभ्यासहरु (Site-specific Climate Resilient Technologies and Practices) अवलम्बन गरिनेछ। मौसमी प्रतिकूलतामा जुध्नसक्ने बालीका जात एवम्

पशु नश्लका साथै वातावरणमैत्री तथा कम उर्जा प्रयोग हुने रैथाने तथा उन्नत प्रविधि र अभ्यासहरु पर्दछन्। यस उपक्षेत्र अन्तर्गत कृषि सूचना केन्द्र (Agri-information Centre) लाई प्राथमिकतामा राखी जलवायु पूर्वानुमान र प्रचार प्रसार लगायतका अन्य क्रियाकलापहरु सञ्चालन गरिनेछन्। यसमा कूल आयोजना लागतको १० देखि २० प्रतिशतसम्म रकम खर्च गरिनेछ।

(ख) सिंचाइ स्मार्ट (Irrigation Smart): यस सम्भागअन्तर्गत सम्भाव्यता र कम लागतका आधारमा बर्षै भरी सिंचाइको सुविधा सुनिश्चितता हुने खालका साना सिंचाइका संरचना तथा प्रविधिको अवलम्बन गरिनेछ। यस अन्तर्गत आकाशको पानी संकलन, प्लाष्टिक पोखरी निर्माण, थोपा सिंचाइ वा स्प्रिङ्कल सिंचाइ, सोलार पम्प र पोखरी निर्माण जस्ता क्रियाकलापहरु गरिनेछन्। यसमा कूल आयोजना लागतको २० देखि ४० प्रतिशत रकम खर्च गरिनेछ।

(ग) पोषकतत्व स्मार्ट (Nutrient Smart): दिगो भू-व्यवस्थापन वा भू-उपयोग नक्शाङ्कन, एकीकृत बाली तथा खाद्यतत्व व्यवस्थापन, माटोमा कार्वन सञ्चितीकरण गर्ने खेती पद्धति तथा वैज्ञानिक पशु आहार व्यवस्थापनका अभ्यासहरु अवलम्बन गरी माटोको उर्वरा शक्ति वृद्धि गर्ने तथा पशुपंक्षीमा पोषण व्यवस्थापन कार्यलाई दिगो बनाउने क्रियाकलापहरु सञ्चालन गरिनेछ।यस उपक्षेत्रअन्तर्गत कूल आयोजना लागतको १० देखि २० प्रतिशत रकम खर्च गरिनेछ।

(घ) प्रविधि स्मार्ट (Technology Smart): परम्परागत ज्ञान र प्रविधिहरुलाई बढीभन्दा बढी प्रोत्साहन गर्दै कृषि तथा पशुपंक्षी पालनमा आधुनिक प्रविधिहरुको अवलम्बन, दिगो कृषि यान्त्रीकरणका लागि कस्टम हायरिङ्ग सेन्टर, करार खेती, जग्गा चक्लाबन्दी, पशु नश्ल सुधारका अभ्यासहरु, एक स्वास्थ्य अवधारणा (One Health Approach) लगायतका क्रियाकलापहरुमा जोड दिई बाली तथा पशुपंक्षीहरुको उत्पादकत्व वृद्धि गरिनेछ। यस उपक्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा कूल आयोजना लागतको २० देखि ४० प्रतिशतसम्म रकम खर्च गरिनेछ।

(ङ) बजार स्मार्ट (Market Smart): यस सम्भागअन्तर्गत समुदायमा आधारित संकलन तथा प्रशोधन केन्द्रहरु विकास गरी औपचारिक बजारीकरणको विकास तथा मूल्य श्रृखंलामा आधारित दिगो बजार प्रवर्द्धन (Sustainable Market Promotion) गरिनेछ। किसानहरुलाई उत्पादित बस्तुको बजार मूल्य बारेमा निरन्तर जानकारी गराइनेछ। यस उपक्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा कूल आयोजना लागतको २० देखि ४० प्रतिशतसम्म रकम खर्च गर्नु पर्नेछ।

(च) अन्तरसम्बन्धित विषयहरुः क्षमता विकास र सहसिकाइ (Capacity building and Co-learning), लैंगिक तथा सामाजिक समावेशीकरण (Gender & Social Inclusion), युवा उद्यमशीलता विकास (Youth Entrepreneurship Development), संस्थागत विकास (Institutional Development) र सहकार्य र सह–लगानी (Partnership

and Co-financing) जस्ता अन्तरसम्बन्धित क्षेत्रसँग सम्बन्धित क्रियाकलापहरुका लागि बढीमा ५ प्रतिशत रकम खर्च गर्न सकिनेछ।

(२) प्रस्तावित गाउँमा कुनै सम्भागअन्तर्गतका क्रियाकलाप तथा संरचनाहरु पहिले नै रहेको अवस्था भएमा उक्त सम्भागका लागि छुट्टाइएको बजेट अन्य सम्भागमा लगानी गर्न सकिनेछ।

## परिच्छेद -३

## कार्यक्षेत्रको छनौट, कार्यक्रम सञ्चालन विधि र व्यवस्थापन

५. **कार्यक्षेत्रको छनौट तथा कार्यक्रम सञ्चालन प्रक्रिया:** कार्यक्षेत्रको छनौट र कार्यक्रम सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछ :-

(क) पहिलो चरणमा यस कार्यक्रम प्रदेश नं. ५ का १२ वटा जिल्लाहरुका प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा स्मार्ट कृषि गाउँ कार्यक्रम प्रतिनिधित्व हुनेगरी सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्यहरुको समन्वय र सिफारिसमा मापदण्ड अनुसारको ५२ गाउँहरु छनौट गरी सञ्चालन गरिनेछ।

(ख) छनौटमा परेका गाउँहरुले बाली प्रणाली, पशुपालन पद्दति, व्यावसायिक खेती एवम् स्थानीय आवश्यकता र विशिष्ट सम्भाव्यताको आधारमा अनुसूची-१ अनुसारको मोडल तथा दफा ४ अनुसारका सम्भाग भित्र रही प्रविधि र अभ्यासको सूची समेतको आधारमा कार्ययोजना बनाइ कृषक वा पशुपंक्षीपालन समूह र सहकारीमार्फत दफा ७ बमोजिमको समिति गठन गरी सञ्चालन गरिनेछ।

(ग) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न छनौट गरिएको गाउँका सबै घरधुरीलाई कृषक सहकारीमा आवद्ध गरिनेछ वा समूहहरुमा आवद्ध गराई कार्य शुरु गर्दै कृषि सहकारीमा रुपान्तरण गरिनेछ।

(घ) कार्यक्षेत्रमा कृषक समूह, पशुपालन समूह वा कृषि/पशुपंक्षी सहकारी पहिले नै गठन भई क्रियाशील रहेको अवस्थामा यथासम्भव उक्त समूह तथा सहकारीमार्फत एक स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति गठन गरी कार्य सञ्चालन गरिनेछ साथै आवश्यक देखिएमा सो समूह तथा सहकारीलाई पुनर्गठन समेत गर्न सकिनेछ।

(ङ) यस कार्यक्रममा सहभागी हुने स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति सम्वन्धित स्थानीय तहमा दर्ता हुनुपर्नेछ। समितिले कार्यक्रम सञ्चालनको मर्म अनुरुप आफ्नो कार्यविधि तथा विधान आफै तय गर्नेछ।

(च) कार्यक्रम सञ्चालनका लागि गठन भएका समितिले ज्ञान केन्द्र वा विज्ञ केन्द्र र ईकाईको सहयोग लिई स्मार्ट कृषि गाउँ स्थापनाको लागि क्षेत्रको प्राथमिकता तथा सम्भाव्यता अनुसार प्रविधि र अभ्यासहरुको पहिचान गरी वार्षिक कार्ययोजना बनाइ सोही अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

६. <u>**स्मार्ट कृषि गाउँ छनौटका मापदण्डहरुः**</u> (१) स्मार्ट कृषि गाउँ छनौटका मापदण्डहरु देहायबमोजिम हुनेछन्ः

(क) सिफारिस भई आएका गाउँमा कम्तीमा मोटर बाटो, विद्युत, संचार, सिंचाइ, स्वास्थ्य आदि सुविधा भएको वा हुनसक्ने हुनुपर्नेछ।

(ख) छनौटका लागि सिफारिस भएका गाउँमा सिंचाइको सुविधा भएको वा हुने सम्भावना भएको हुनुपर्नेछ।

(ग) एक स्मार्ट कृषि गाउँमा कम्तिमा ५० घरपरिवार समेटिनु पर्नेछ।

(घ) कृषि उत्पादनका लागि पहाडको हकमा कम्तीमा २५० रोपनी र तराईको हकमा ५० विघाह जमिन क्लस्टरमा भएको हुनुपर्नेछ।

(ङ) स्थानीय तहको प्राविधिक सल्लाहमा सम्भाव्य व्यावसायिक बाली तथा पशुपंक्षीलाई प्राथमिकता दिई बाली उत्पादनमा कम्तीमा प्रति वर्ष तीन वटा बाली अर्थात, जग्गा बाँझो नराख्ने गरी बाली लगाएको वा लगाउन सकिने हुनुपर्नेछ।

(च) प्रत्येक गाउँमा सम्भाव्यता र प्राथमिकताका आधारमा ५० प्रतिशत भन्दा बढि घरधुरीले प्रतिनिधित्व गर्ने मुख्य एक बाली वा बस्तुको छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। आ.व. २०७५/०७६ बाट सञ्चालित गाउँहरुले समेत सम्भव भएसम्म दुई मध्ये एक बाली वा बस्तु यकिन गरी सोहीअनुसार कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(छ) स्मार्ट कृषि गाउँ कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा अन्य आयोजनाहरु तथा कार्यक्रमको प्रकृति हेरी बाली तथा बस्तु विशेष मूल्य श्रृङ्खलामा दोहोरोपना नहुने क्षेत्रमा हुनुपर्नेछ।

(ज) कृषि उपज, पशु तथा पशुजन्य उत्पादन पश्चातको बजारीकरण सुनिश्चितताका लागि पूर्वखरिद सम्झौता, उत्पादनहरुबाट लिन सकिने मूल्य अभिवृद्धिका

क्रियाकलापहरु र फोहरमैला व्यवस्थापनको उचित योजना भएको हुनुपर्नेछ।

(झ) मानव तथा वातावरणीय प्रदूषण, लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा प्राकृतिक स्रोत साधनहरु आदि विषयमा संवेदनशील हुनुपर्नेछ।

(ञ) बाँझो र खाली रहेका कृषि जग्गाको समेत समुचित प्रयोग गरी उत्पादनशील क्षेत्रमा प्रयोग गरेको हुनुपर्नेछ।

(२) स्मार्ट कृषि गाउँ कार्यक्रम लागू भएपश्चात कायम हुनुपर्ने मापदण्डहरु देहायबमोजिम हुनेछन् :-

(क) आधुनिक पशुपालन प्रविधि अपनाई पशुपालन कार्यक्रमका लागि कार्यक्रम लागू भएको वर्षबाट प्रति स्मार्ट कृषि गाउँमा कम्तीमा तपसिलको मापदण्ड अनुसारको परिमाण कायम हुनुपर्नेछः-

१. गाई वा भैंसी दुहुनो कम्तीमा प्रतिघर ५ वटा वा ३०० वटा प्रति गाउँ।
२. भेडा बाख्रा माउ कम्तीमा प्रति घर १० वटा वा ५०० वटा प्रति गाउँ।
३. ब्रोइलर कुखुरा कम्तीमा १०,००० प्रति लट वा ५ लट प्रति वर्ष प्रति गाउँ।
४. लेयर्स कम्तीमा १०,००० अण्डा प्रति दिन १५००० लेयर्स प्रति गाउँ।
५. ग्रामीण कुखुरा दोहोरो उद्देश्य (Dual purpose) ७५०० प्रति लट वा २ लट प्रति वर्ष प्रति गाउँ।

६. सुङ्गुर वा बंगुर बच्चा बिक्रिका लागि माउ ५० प्रति गाउँ र मासु उत्पादनको लागि वजन बढाईएको (fattening) सुंगुर १५ प्रति लट प्रति गाउँ।
७. माछापालन पोखरी तराईमा १० विगाहा पहाडमा ५० रोपनी।
८. मौरीपालनका लागि गोलासहितको कम्तिमा प्रति घर १० घार वा प्रति गाउँ ५०० घार।

(ख) प्राविधिक दृष्टिकोणबाट उपयुक्त बाली र तिनका जात तथा पशुहरु र उन्नत नश्लहरुको प्रयोग गरी उत्पादन गर्नुपर्नेछ।

(ग) छनौट भएका प्रत्येक गाउँहरुमा कार्यक्रम स्वीकृती पश्चात आधारभूत सर्वेक्षण कार्य सम्बन्धित ज्ञान केन्द्र तथा विज्ञ केन्द्रले गर्ने, गराउनेछ। सोको आधारमा क्षेत्रफल, उत्पादन, आम्दानी, रोजगारी आदि विषयहरु समावेश गरी अंकभार सहितको मूल्याङ्कन सूचकाङ्क तय गरी हरेक वर्ष प्रगति मापन गरिनेछ।

(घ) स्मार्ट कृषि गाउँ कार्यक्रम चार वर्षसम्म लगातार सञ्चालन गरिनेछ। प्रगति मूल्याङ्कन सूचकाङ्कका आधारमा उल्लेखनीय प्रगति हासिल गरेका निर्वाचन क्षेत्रमा बढीमा एक स्थानीय तहमा एक स्मार्ट कृषि गाउँ सञ्चालन हुने गरी थप गाउँमा कार्यक्रम सञ्चालन गरिनेछ भने प्रगति सूचकाङ्कका आधारमा कम्तिमा ५० प्रतिशत लक्ष्य प्राप्त नगर्ने गाउँहरुको कार्यक्रम रद्द गरिनेछ।

(ङ) थप गाउँहरुमा कार्यक्रम सञ्चालन गर्दा प्रगति सूचकाङ्कका आधारमा उच्च लक्ष्य प्राप्त गर्ने निर्वाचन क्षेत्र भित्रको कार्यक्रम लागू नभएको स्थानीय तह मध्येबाट प्राविधिक प्रमाणीकरण गरी नयाँ स्मार्ट कृषि गाउँ छनौट गरिनेछ। यसरी नयाँ स्मार्ट कृषि गाउँहरु छनौट गर्दा गाउँपालिकालाई पहिलो प्राथमिकता दिई कार्यक्रम अगाडी बढाईनेछ।

(च) सिफारिस भई आएका गाउँहरुको सम्बन्धमा सम्बन्धित स्थानीय तहले कार्यक्रममा लगानी गर्ने प्रतिबद्धता-पत्र समेत पेश गर्नु पर्नेछ।

७. **<u>स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति गठनः</u>** (१) कार्यक्रमलाई व्यवस्थितरुपमा कार्यान्वयन गर्न कार्यक्रम सञ्चालन हुने गाउँलाई प्रतिनिधित्व गर्ने कृषक, कृषक समूह तथा कृषि वा पशुपंक्षी सहकारीहरुबाट प्रतिनिधित्व हुनेगरी बढीमा ७ सदस्यीय एक गाउँस्तरीय कार्यक्रम कार्यान्वयन समितिको गठन गरिनेछ।

(२) गाउँस्तरीय कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) वार्षिक कार्ययोजना बजेट व्यवस्थापन तथा कार्यक्रम पेश गर्ने।

(ख) स्थानीयस्तरमा कार्यक्रम सञ्चालन, ब्यबस्थापन र नियमित अनुगमन गर्ने।

(ग) कार्यक्रम सञ्चालन गरी अनुदान रकमको भुक्तानी माग गर्ने।

(घ) कृषि र पशुक्षेत्रसँग सम्बन्धित कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ईकाइ र

अन्य निकायहरुसँग समन्वय र सहकार्य मार्फत स्रोत परिचालन गर्ने।

(ङ) अनुभव र सिकाईको आदान प्रदान गर्ने, गराउने।

(च) बैंक खाता सञ्चालन गर्ने।

(छ) उपलब्धि तथा अन्य तथ्याङ्क अध्यावधिक गर्ने।

(३) हरेक स्मार्ट कृषि गाउँ कार्यक्रममा दफा ७ बमोजिम गठन भएको समितिले कृषि प्रणाली, व्यावसायिक खेती, पशुपालन एवम् स्थानीय आवश्यकता र विशिष्ट सम्भाव्यताको आधारमा दफा ४ बमोजिमको सम्भाग अन्तर्गतका प्रविधि र अभ्यास समेटी स्थानीय तहसँगको समन्वयमा कार्ययोजना बनाइ कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत इकाईमा पेश गर्नुपर्नेछ।

(४) ईकाइमा कार्ययोजना प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी ईकाइको समन्वयमा सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रले सम्बन्धित समितिसँग कार्यक्रम सञ्चालनको विषयमा अनुसूची-२ बमोजिम सम्झौता गर्नेछ। यसरी गरिएको सम्झौताको १/१ प्रति सम्बन्धित स्थानीय तह र सम्बन्धित वडामा पठाउनुपर्नेछ।

(५) समितिले कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने, अनुगमन मूल्यांकन गर्ने, प्रगति विवरण तयार गरी सरोकारवाला निकायमा पठाउनु पर्नेछ। साथै अनुगमन तथा मूल्यांकनमा आउने निकायलाई आवश्यक सहजीकरण गर्नुपर्ने छ।

(६) कार्यक्रम सञ्चालनको लागि छनौट भएको गाउँमा चार वर्षसम्म प्रदेश सरकारको योगदान २५ प्रतिशतले क्रमशः घटाउँदै लगी चौथो वर्षमा पूर्णरुपमा सम्बन्धित स्थानीय तहको जिम्मेवारीमा रहने गरी हस्तान्तरण गरिनेछ। समग्र समीक्षाका आधारमा हरेक वर्ष थप नयाँ गाउँमा कार्यक्रम बिस्तार गरिनेछ।

८. **<u>कार्यक्रम निर्देशक समिति</u>**: (१) मन्त्रालयका माननीय मन्त्रीको संयोजकत्वमा देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| (ख) | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (घ) | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (च) | निर्देशक, कृषि विकास निर्देशनालय | सदस्य |
| (छ) | निर्देशक, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ज) | प्रतिनिधि, (उपसचिवस्तर), सामाजिक विकास मन्त्रालय | सदस्य |
| (झ) | प्रतिनिधि, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (ञ) | प्रमुख, कार्यक्रम व्यवस्थापन ईकाइ | सदस्य-सचिव |

(२) कार्यक्रम निर्देशक समितिको बैठक आवश्यकता अनुसार वर्षको कम्तीमा दुई पटक बस्नेछ। कार्यक्रम निर्देशक समितिले आवश्यकता अनुसार समितिको बैठकमा कार्यक्रमसँग सम्बन्धित बढीमा ३ जनालाई सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गर्न स्वीकृती दिने।

(ख) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक मानव संशाधन व्यवस्थापन, बजेट बाँडफाँड,

अनुगमन तथा मूल्याङ्कन तथा अन्य व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशन दिने।

(ग) अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा गरी आवश्यक निर्देशन गर्ने।

(घ) कार्यक्रम सञ्चालनमा आवश्यक परेको खण्डमा यस कार्यविधिमा संशोधन सहित थप नीति निर्माण गर्न मन्त्रालयलाई राय दिने।

(ङ) ईकाइको सिफारिसको आधारमा प्रत्येक आर्थिक वर्षमा उत्कृष्ट कार्य गर्ने स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितिलाई पुरस्कृत गर्न र तोकिएको प्रगति सूचकाङ्क अनुसार ५० प्रतिशत प्रगति नपुऱ्याउने गाउँमा कार्यक्रम रद्ध गर्ने सम्बन्धी निर्णय गर्ने।

(च) पुरस्कारको राशी तोक्ने।

(छ) समस्या समाधानका लागि आवश्यक निर्णय गरी मन्त्रालयलाई निर्देशन दिने।

९. **कार्यक्रम व्यवस्थापन ईकाइ गठनः** (१) स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन, व्यवस्थापन, समन्वय एवम् सहजीकरण गर्नका लागि मन्त्रालयले उपसचिवस्तरको नेतृत्वमा एक कार्यक्रम व्यवस्थापन ईकाइको गठन गर्नेछ।

(२) मन्त्रालयले ईकाइमा आवश्यक कर्मचारीहरु मन्त्रालय वा मातहतका निकायबाट सम्बन्धित सेवा समूह अनुसार खटाउनेछ। मन्त्रालय वा मातहतका निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा प्रचलित कानूनबमोजिम सेवा खरिद गर्न सक्नेछ।

(३) ईकाइमा खटिएका कर्मचारीको तलबभत्ता पदाधिकार रहेकै कार्यालयबाट भुक्तानी हुनेछ।

१०. **<u>ईकाइको काम कर्तव्य र अधिकारः</u>** (१) ईकाइको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आवश्यकता अनुसार अन्तरमन्त्रालय, नेपाल सरकार एवम् स्थानीय तहसँग समन्वय, बजेट व्यवस्थापन, मानव संशाधन र तथ्याङ्क व्यवस्थापनको कार्य गर्ने।

(ख) योजना तर्जुमा सहजीकरण र कार्यक्रम कार्यान्वयनको लागि आवश्यक प्राविधिक सेवा टेवाको प्रवन्ध गर्ने।

(ग) कृषि ज्ञान केन्द्र र पशु सेवा विज्ञ केन्द्रहरुलाई परिचालन गरी कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन एवम् तथ्याङ्कको व्यवस्थापन गर्ने।

(घ) कार्यक्रमको प्रगति र सिकाईको चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा समीक्षा बैठक आयोजना गर्ने तथा अभिलेखीकरण र मूल्याङ्कन गर्ने।

(ङ) निर्देशनालय, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विश्वबिद्यालय, कृषि ज्ञान केन्द्र र पशु सेवा विज्ञ केन्द्र, स्थानीय तहका प्राविधिक मार्फत प्रविधिको विकास र सुधार, समसामयिक अध्ययन र समस्यामा आधारित अनुसन्धान **(Action Research)** गर्ने व्यवस्था मिलाउने।

(च) कार्यक्रम सञ्चालनको लागि आवश्यक योजना तर्जुमा गर्न, सम्पन्न कार्यको प्राविधिक नापजाँच गर्न, कार्य सम्पन्न प्रतिवेदन बनाउने समेतका सबै किसिमको प्राविधिक सहयोग आवश्यक भएमा सोको व्यवस्था गर्ने गराउने।

(छ) कार्यक्रमको नतिजामुखी कार्यान्वयनको लागि अन्य आवश्यक सहजीकरण गर्ने।

(ज) योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि ज्ञानकेन्द्र तथा विज्ञ केन्द्रहरुबाट पेश भएका योजनाहरु उपर राय तथा सहमति प्रदान गर्ने र कार्यक्रमको प्रभावकारी अनुगमन मूल्याङ्कन तथा प्रगति मापनका कार्यहरु गर्ने।

(झ) मन्त्रालयले तोकेका अन्य कार्य गर्ने।

११. **सहजकर्ताको सेवा लिन सकिने**: (१) सम्वन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रले कार्यक्रम सञ्चालन हुने प्रत्येक नमूना कृषि गाउँमा आवश्यकता अनुसार परिचालन गर्ने गरी प्रचलित कानूनबमोजिम एक जना सहजकर्ताको सेवा लिन सक्नेछ।

(२) सहजकर्ताको सेवा लिदाँ स्थानीय महिलालाई बिशेष प्राथमिकता दिईनेछ।

(३) सहजकर्ताको यातायात तथा अन्य खर्च कार्यक्रमको बजेट रकमबाट नै कट्टा हुने गरी सम्बन्धित कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(४) सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता एस.ई.ई. वा सो सरहको हुनु पर्नेछ। कृषि वा भेटेरिनरी विषय अध्ययन गरेको वा तालिम लिएकालाई प्राथमिकता दिईनेछ।

(५) सहजकर्ताको कार्यविवरण र जिम्मेवारी इकाईसँगको समन्वयमा सम्बन्धित कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(६) सम्वन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रप्रति सहजकर्ता उत्तरदायी हुनुपर्नेछ।

(७) सम्वन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रले सहजकर्ताको कार्यसम्पादनको मूल्याङ्कन गरी सञ्चालन समितिले सिफारिस गरेको खण्डमा मात्र खर्च रकम भुक्तानी हुनेछ।

(८) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयन र नतिजामुखी परिणामको लागि मन्त्रालयले कार्यक्रम डिजाईन तथा उपलब्धी सूचक, सोको मापन बिधि तय, अध्ययन, विश्लेषण सेवा परामर्श र आधारभूत सर्बेक्षण, क्षमता विकास तालिम जस्ता कार्यहरुका लागि आवश्यक पर्ने विज्ञ सेवा कार्यक्रममा उल्लेख गरी प्रचलित कानूनबमोजिम व्यवस्था गर्न सक्नेछ।

(९) सहजकर्ताको पारिश्रमिक कार्यक्रम कार्यान्वयन समिति र सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रको आपसी सहमतिमा कायम गरी कार्यक्रम बजेटबाट कार्ययोजनामा उल्लेख गरी व्यवस्था गर्नुपर्नेछ।

## परिच्छेद -४
## आर्थिक कार्यविधि

१२. **अनुदान रकम खर्च गर्ने तथा भुक्तानी लिने विधि र प्रक्रियाः** (१) स्मार्ट कृषि गाउँका लागि लगानी अनुदान रकम मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा व्यवस्था भए बमोजिम हुनेछ। कार्यक्रम सञ्चालनको लागि बढीमा २५ प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध गराईनेछ। यसरी उपलब्ध हुने पेश्की रकम निर्माण कार्य तथा ठुला मेसिनरी खरिद कार्यमा प्रयोग गरी फर्छ्यौट गरेपछि मात्र कार्यसम्पन्नताका आधारमा बाँकी रकम भुक्तानी गरिनेछ।

(२) स्मार्ट कृषि गाउँहरुका लागि विनियोजित बजेट रकम सम्बन्धित ज्ञान केन्द्र वा विज्ञ केन्द्रबाट प्रवाह गरिनेछ। सो कार्यक्रमका लागि स्मार्ट गाउँ वा स्थानीय तह वा समूह वा सहकारीको लगानी कूल

बजेटको कम्तीमा २० प्रतिशत हुनुपर्नेछ। लगानी प्रत्येक वर्ष क्रमशः १० प्रतिशतले बढाउँदै लैजानुपर्नेछ।

(३) समितिले प्रस्ताव बमोजिमका कार्यक्रम सञ्चालनको लागि दफा १३ बमोजिमको मापदण्ड अनुसार खर्च गर्नुपर्नेछ। सामग्री खरिदको हकमा स्पेसिफिकेसन (**Specification**) र निर्माण कार्यका हकमा लागत अनुमान तयार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(४) सम्झौता अनुसार आर्थिक सहयोग प्राप्त गर्ने गाउँस्तरीय कार्यक्रम कार्यान्वयन समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेगरी बैंक खाता खोल्नु पर्नेछ।

(५) समितिले प्रक्रिया पूरा गरी सम्झौतामा तोकिएको समय अवधि भित्र कार्य सम्पन्न गरी अनुदान रकम माग गर्नु पर्नेछ र सम्वन्धित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्वीकृत लागत अनुमान अनुरुप काम भए नभएको प्राविधिक जाँचबुझ गराई वास्तविक कामको आधारमा रकम भुक्तानी गर्नुपर्नेछ।

(६) अनुदान रकमको भुक्तानि स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितिलाई गरिनेछ।यसरी भुक्तानि गर्दा समितिको निवेदन तथा निर्णय र कार्य सम्पन्न प्रगतिलाई आधार मानी अनुदान रकम उपलब्ध गराईनेछ।

(७) भुक्तानी गर्दा प्रचलित आर्थिक ऐन बमोजिम अग्रिम आयकर तथा कन्टिन्जेन्सी बढीमा २.५ प्रतिशतसम्म कट्टा गरिनेछ। कन्टिन्जेन्सी बापतको रकम निर्माण कार्यको सुपरीवेक्षण, प्राविधिक सेवा सहजीकरण तथा अनुगमन व्यवस्थापन कार्य आदिमा खर्च गर्न सकिनेछ।

(८) उपलब्ध बजेट सीमा भित्र रही कार्यक्रम तर्जुमा, कार्यान्वयन, सार्वजनिक सुनुवाई आदि कार्य गर्ने गराउने दायित्व सम्बन्धित स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितिको हुनेछ। खर्चको फाँटबारी तथा प्रतिवेदन राख्ने, खर्च रकमको आन्तरिक लेखा परीक्षण गर्ने गराउने कार्य ज्ञान केन्द्र वा विज्ञ केन्द्रले गर्नु पर्नेछ।

**१३. <u>अनुदान रकम सम्बन्धी मापदण्डः</u>** (१) प्रविधि हस्तान्तरणसँग सम्बन्धित अति आवश्यक क्रियाकलापहरु जस्तैः ब्यवहारिक तालिम, सार्वजनिक सुनुवाई, भ्रमण, प्रविधि प्रदर्शन जस्ता प्रवर्द्धनात्मक कार्य (Promotional activities) आदिमा शतप्रतिशत अनुदान दिइनेछ।

(२) उत्पादन सामग्रीहरु जस्तैः बीउ बिजन, प्राङ्गारिक बिषादी, प्राङ्गारिक मल, नश्लसुधारका लागि बोका, माऊ बाख्रा तथा सिमेन, औषधि आदिमा अधिकतम ८५ प्रतिशतसम्म अनुदान दिइनेछ।

(३) पूँजीगत उत्पादन सामग्री एवम् पूर्बाधारहरुको निर्माण जस्तैः कुलो, सोलार सिंचाइ, प्राङ्गारिक मल उद्योग, फार्म मेशीनरी, संकलन केन्द्र, आधुनिक गोठ खोर, नश्ल सुधार केन्द्र, डिपिङ टयाङ्क, ट्रेभिस, भर्मि सेड, सूचना केन्द्र निर्माण आदिमा अधिकतम ८५ प्रतिशतसम्म अनुदान दिइनेछ।

## परिच्छेद- ५

## <u>अनुगमन तथा मूल्याङ्कन</u>

**१४. <u>वार्षिक प्रतिवेदन तयारी तथा प्रकाशन</u>ः** कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न इकाईले ज्ञान केन्द्र वा विज्ञ केन्द्रलाई परिचालन गरी स्थलगत भ्रमण एवम् प्राविधिक सहयोग प्रदान, सम्पन्न भएको कार्य प्रगति, खर्च तथा प्रतिफल एवम् सिकाईको वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गर्नुपर्नेछ।

**१५. <u>कार्यक्रमको अनुगमन</u>ः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालय, निर्देशनालय, इकाई, ज्ञान केन्द्र तथा विज्ञ केन्द्रले निरन्तर अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयबाट हुने अनुगमन बाहेक स्थानीय तहले विनियोजित रकम र स्वीकृत कार्यक्रम अनुसार समुदाय स्तरमा भैरहेको क्रियाकलापहरुको कार्यान्वयनको अवस्था र प्रगतिको चौमासिक रुपमा अनुगमन गर्नेछ।

(३) मन्त्रालय वा कार्यालयले सम्वन्धित प्रदेश सभाका सदस्यहरुको नेतृत्वमा अन्य सरोकारवालाहरुसँग समन्वय गरी संयुक्त अनुगमन गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम गरिने अनुगमनको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

१६. **कार्यक्रमको मूल्याङ्कन**ः (१) कार्यक्रमको लक्ष्य अनुसार प्रगति मूल्याङ्कन गर्न मन्त्रालयले कार्यक्रम निर्देशक समितिको बैठक वर्षमा कम्तीमा दुई पटक आयोजना गर्नेछ।

(२) कार्यक्रमको प्रगति मूल्यांकन गर्न निर्देशक समितिले स्थानीय तह, सरोकारवाला निकायहरु तथा सञ्चारकर्मीको सहभागितामा वर्षमा कम्तीमा एक पटक स्थलगत अनुगमन गर्ने र प्राप्त सूचनाका आधारमा मूल्याङ्कन गरी मूल्याङ्कन पश्चात प्राप्त पृष्ठपोषणलाई आगामी कार्ययोजनामा समावेश गरिनेछ।

(३) कार्यक्रम निर्देशक समिति, मन्त्रालय/इकाई, निर्देशनालय र सम्बन्धित स्थानीय तहले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक सुझावहरु दिन सक्नेछन्। आवश्यकता अनुसार जनप्रतिनिधिहरु समेतको संलग्नतामा संयूक्त अनुगमन सञ्चालन गरी सुझावहरु लिईनेछ।

(४) उपदफा (३) बमोजिमको निर्देशन पालना गर्नु कार्यक्रम कार्यान्वयन समिति, ईकाई, निर्देशनालय, ज्ञान केन्द्र, विज्ञ केन्द्र र सम्बन्धित सबैको कर्तव्य हुनेछ। साथै, कार्यक्रम कार्यान्वयन समितिले

कार्यक्रम सञ्चालन भएको स्थानमा विस्तृत विवरण झल्किने होर्डिङ बोर्ड राख्नुपर्ने र समीक्षात्मक कार्यक्रमहरुमा माग गरिए बमोजिम आवश्यक प्रस्तुती समेत गर्नुपर्नेछ।

(५) कार्यक्रम कार्यान्वयन समितिले अन्तिम भुक्तानी माग्नुपूर्व सञ्चालित कार्यक्रमको सार्वजनिक सुनुवाई समेत गरेको हुनुपर्नेछ।

## परिच्छेद -६

## विविध

१७. **अनुदान रकमको दुरुपयोग सम्बन्धमाः** (१) सम्झौता अनुसारको कार्य नभएमा, प्राप्त रकम हिनामिना गरेमा वा नक्कली बिल भरपाई बनाइ भुक्तानी लिएको प्रमाणित भएमा समितिलाई प्रचलित कानूनबमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) यस कार्यविधि अनुरुप अनुदानको दुरुपयोग गरेमा वा खर्चको विवरण पेश नगर्ने कार्यान्वयन समिति तथा सहकारी संस्थालाई प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ।

१८. **अन्तिम व्याख्या गर्नसक्नेः** यस कार्यविधिको कार्यान्वयनमा केही वाधा व्यवधान आइपरेमा वा द्विविधा उत्पन्न भएमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

१९. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित विषयहरु यसै बमोजिम र अन्य व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०. **कार्यविधिमा संशोधन, परिमार्जन तथा हेरफेर** : (१) यस कार्यविधिमा आवश्यकता अनुसार प्रदेश सरकारले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।


(२) यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार मन्त्रालयले हेरफेर गर्न सक्नेछ।

२१. **<u>बाधा अड्काउ फुकाउने</u>** : यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ।

२२. **<u>खारेजी तथा बचाउ</u>** : स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ खारेज गरिएको छ सो कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची -१

### स्मार्ट कृषि गाउँ कार्यक्रम मोडल




- शीत भण्डारण र कृषि बजार
- समुदायमा आधारित संकलन केन्द्र / प्रशोधन केन्द्र
- डिजिटल बजार (कृषि र बजार सूचना प्रणाली)
- पूर्वखरिद सम्झौता र कृषि/पशु वीमा

- जलवायू पूर्वअनुमान
- जलवायू परिवर्तनअनुकूलन प्रविधि
- कृषि सूचना केन्द्र/पुस्तकालय
- सूचना र संचार

- वर्षभरी सिँचाइ
- आकाशे पानी संकलन
- पोखरी
- सूक्ष्म सिंचाइ प्रविधि जस्तै थोपा सिंचाइ
- सोलार/पापा/बर्षा पम्प

- सूचना र संचार प्रविधि
- एकीकृत बाली तथा पशु व्यवस्थापन
- कस्टम हायरिङ्ग सेन्टर
- ग्रीन हाउस/नेट
- उच्च प्रविधि
- जग्गा एकीकरण
- करार खेती
- अगुवा किसान
- One health approach
- उन्नत पशु पालन

- भूमि उपयोग अध्ययन
- माटो परिक्षण र पोषक तत्व/सूक्ष्मतत्व विश्लेषण
- माटो स्वस्थता परिचयपत्र
- एकीकृत बाली खाद्यतत्व व्यवस्थापन/
- दिगो माटो व्यवस्थापन
- बैज्ञानिक पशु आहारा

## अनुसूची-२

## स्मार्ट कृषि गाउँ कार्यक्रम सम्झौता पत्रको नमूना

श्री ............................................. (यसपछि प्रथम पक्ष भनिने) र ......................जिल्ला .................पालिका वडा नं. ...... मा स्थापना भएको श्री ...................................का अध्यक्ष (यसपछि दोश्रो पक्ष भनिने) बीच साझेदारी/सहकार्यमा आ.व. २०...... /.... को स्वीकृत स्मार्ट कृषि गाउँ स्थापना सहयोग कार्यक्रम ......................पालिका वडा नं. ........ को ................. मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधीनमा रही यो सझौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं।

**तपसीलः**

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२. दोस्रो पक्षले कार्यालयको कार्ययोजना तथा लागत इष्टिमेट अनुसार स्मार्ट कृषि गाउँ सञ्चालन गरेको हुनुपर्नेछ। यसरी सञ्चालन गरिने गाउँको यस वर्षको कूल लागतको बढीमा ....... प्रतिशतले हुन आउने रु. ................. अक्षेरुपी ..................................................रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ।

२. पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रमको कार्य प्रगतिको मूल्याङ्कनका आधारमा अनुदान रकम उपलब्ध गराउनेछ। अनुदान रकम कार्ययोजना अनुसार कार्यक्रम सम्पन्न भए बमोजिम उपलब्ध गराईनेछ।

३. दोस्रो पक्षले मूल्यांकन सूचकाङ्कका आधारमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्नेछ।

४. लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ।

५. सम्झौता भएको मितिले १५ दिन भित्र कृषि गाउँको कार्ययोजना अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ। यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ।

६. दोश्रो पक्षले यही २०.......... साल ...............महिना ...... गते भित्र लागत ईष्टिमेट तथा कार्ययोजना अनुसार कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

७. दोस्रो पक्षले योजना तथा लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु आफैले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन।

८. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुनेछ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर : | नाम,थर : |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

# स्मार्ट कृषि गाउँ सहयोगी कार्यक्रम सञ्चालन विधि, २०७६

मितिः २०७६/०८/२५ मा स्वीकृत

**प्रस्तावनाः** कृषि उत्पादनलाई बजारमुखी, व्यवसायमुखी, नाफामुखी र आत्मनिर्भर बनाइ कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी दिगो आयस्तर वृद्धि गर्न "एक नमूना गाउँ" को रुपमा विकास गर्ने मूलभूत उद्देश्यका साथ सञ्चालनमा रहेको स्मार्ट कृषि गाउँहरुमा सृजित प्राविधिक समस्याहरुको उचित सम्बोधन गर्न विषय विशेषज्ञ सेवा, कृषि अध्ययनरत विद्यार्थीलाई समुदायस्तरमा परिचालन, जलवायु अनुकूलन प्रविधि विस्तारमा सहयोग, क्षमता विकास, प्रोत्साहन तथा पुरस्कृत लगायतका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको स्मार्ट कृषि गाउँ कार्यक्रमसँग सम्बन्धित सहयोगी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्मार्ट कृषि गाउँ सहयोगी कार्यक्रम सञ्चालन विधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यक्रम सञ्चालन विधिको नाम "**स्मार्ट कृषि गाउँ सहयोगी कार्यक्रम सञ्चालन विधि, २०७६**" रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यक्रम सञ्चालन विधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन विधिमाः-

(क) **"इकाई"** भन्नाले स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन विधि २०७५ को दफा ९ उपदफा (१) बमोजिमको कार्यक्रम व्यवस्थापन इकाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले स्मार्ट कृषि गाउँ कार्यक्रम सम्झनु पर्छ।

(ग) **"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(घ) **"बिज्ञ"** भन्नाले कृषि पशुपन्छी वा मत्स्य बिषयमा बि एस्सी कृषि वा पशुविज्ञान वा सो सरहको अध्ययन पुरा गरी सम्बन्धित क्षेत्रमा कम्तीमा १० वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको वा स्नातकोत्तर वा बिद्याबारिधि गरी कम्तीमा ५ वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति सम्झनु पर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(च) **"विद्यार्थी परिचालन"** भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पसबाट कृषि, पशु चिकित्सा, पशु विज्ञान, मत्स्य विज्ञान विषयमा स्नातक तहको अन्तिम वर्षका वा स्नातकोत्तर तथा विद्यावारिधि अध्ययनरत यस कार्यक्रमको कार्यक्षेत्रमा खटाईएका विद्यार्थीहरुलाई सम्झनु पर्छ।

(छ) **"विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पस"** भन्नाले कृषि, पशु चिकित्सा, पशु विज्ञान, मत्स्य विज्ञान एवं

कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहसम्मका अध्ययन अध्यापन कार्यक्रम सञ्चालन गरिरहेका नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाहरु सम्झनु पर्छ।

(ज) **"समिति"** भन्नाले कार्यक्रम व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) **"स्मार्ट कृषि गाउँ"** भन्नाले विशिष्टता अनुसारको बाली तथा पशुपन्छी सुहाउँदो जलवायु तथा वातावरणमैत्री अभ्यास, सिँचाइ तथा आधुनिक उत्पादन प्रविधिको प्रयोग एवं जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्दै कृषिको उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गरी आयआर्जनमा संलग्न भएको कम्तिमा ५० घरधुरी भएको सिकाइयोग्य समुदाय सम्झनु पर्छ।

**३.** **<u>उद्देश्य</u>**: यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) कृषि प्रविधि र प्रसार प्रणालीलाई प्रभावकारी बनाउन स्मार्ट कृषि गाउँमा विषयगत विशेषज्ञ सेवा प्रदान गर्न कृषि अध्ययनरत विद्यार्थी परिचालन गर्नु,

(ख) स्मार्ट कृषि गाउँमा समयानुकूल देखापर्ने प्राविधिक समस्यामा आधारित रहेर छोटो समयका अध्ययन, अनुसन्धान, परीक्षण, प्रदर्शन शिविर आदि कार्यक्रम सञ्चालन गरी समस्या समाधान तथा कृषकहरुको क्षमता अभिवृद्धि गर्नु,

(ग) जलवायु अनुकूलन एवं वातावरण मैत्री प्रविधि विस्तारमा टेवा पुऱ्याउनु,

(घ) कृषि विद्यार्थीहरुको ब्यवहारिक ज्ञान शिप तथा क्षमता अभिवद्धि गर्नु।

## परिच्छेद–२

## समिति सम्बन्धी व्यवस्था

४. **कार्यक्रम व्यवस्थापन समितिः** (१) स्मार्ट कषि गाउँ कार्यक्रम/कार्यक्रम व्यवस्थापन इकाई, मन्त्रालयस्तरबाट कार्यक्रम गर्न आवश्यक व्यवस्थाको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समितिको गठन हुनेछः

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ग) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (घ) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य |
| (च) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (छ) | प्रमुख | कार्यक्रम व्यवस्थापन इकाई | सदस्य सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) पेश हुन आएका प्रस्तावहरु उपर छलफल गरी औचित्यका आधारमा स्वीकृतको लागि सिफारिस गर्ने,

(ख) विभिन्न विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पस/संघ संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने,

(ग) विषयगत विज्ञ तथा विद्यार्थी परिचालन प्रयोजनका लागि निश्चित मापदण्ड तयार गरी उक्त निकायहरुको लागि विद्यार्थी संख्या निर्धारण गर्ने,

(घ) जलवायु अनुकूलन प्रविधि विस्तार सहयोग तथा समस्यामा आधारित अनुसन्धान कार्यका लागि विषयहरुको सूची स्वीकृत गर्ने,

(ङ) प्रस्ताव मूल्याङ्कनका आधारहरु निर्धारण गरी स्वीकृत गर्ने,

(च) पुरस्कार सम्बन्धमा सिफारिस भई आएका प्रस्तावहरु उपर औचित्यका आधारमा छनौट गरी पुरस्कार रकम तोक्न निर्देशक समितिमा सिफारिस गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनमा आईपर्ने समस्याहरुको समाधान गर्ने,

(ज) अनुदान तथा खर्चको सीमा तोक्ने,

(झ) आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने/गराउने र

(ञ) यस सम्बन्धी अन्य कार्यहरु गर्ने।

(४) जिल्लास्थित कार्यालयबाट सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न एक जिल्लास्तर कार्यक्रम व्यवस्थापन समितिको गठन हुनेछ।

| | | |
|---|---|---|
| प्रमुख | कृषि ज्ञान केन्द्र/विज्ञ केन्द्र | संयोजक |
| प्रमुख वा प्रतिनिधि | प्रदेश कोष तथा लेखा/नियन्त्रक कार्यालय | सदस्य |
| अधिकृत (कृषि हेर्ने) | सम्बन्धित जिल्ला समन्वय समिति | सदस्य |
| संयोजक | खरिद इकाई, कृषि ज्ञान केन्द्र/विज्ञ केन्द्र | सदस्य |
| सम्पर्क अधिकृत | कृषि ज्ञान केन्द्र/विज्ञ केन्द्र | सदस्य सचिव |

(५) समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) कार्यक्रम सञ्चालनका लागि सम्पर्क अधिकृत तोकी कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,

(ख) कार्यक्रम सञ्चालनका लागि खर्च इष्टिमेट तथा प्राविधिक विषय तथा कार्यान्वयन पद्धति स्वीकृत गर्ने,

(ग) अनुदान तथा खर्चको सीमा तोक्ने,

(घ) पेश हुन आएका प्रस्तावहरु उपर छलफल गरी औचित्यका आधारमा स्वीकृत गर्ने,

(ङ) स्थानीय तह तथा विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पस/संघ संस्थाहरुतथा अन्य सरोकारवाला निकायहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने,

(च) कार्यक्रम कार्यान्वयनमा आईपर्ने समस्याहरुको समाधान गर्ने,

(छ) आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने/गराउने र

(ज) कार्यक्रमको प्रगति, खर्च विवरण र प्रतिवेदन सम्बन्धित निर्देशनालय र इकाईमा पठाउने व्यवस्था मिलाउने।

## परिच्छेद–३

## विषय विज्ञ सेवा सञ्चालन

**५. कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) विषयगत विशेषज्ञ सेवाको आवश्यकता अनुसार कार्यक्रम व्यवस्थापन समितिले स्मार्ट कृषि गाउँको छनौट गर्नेछ।

(२) विषय विज्ञहरुको सेवा लिन आवश्यक विषयहरुको पहिचान गरी विश्वविद्यालय/अध्ययन संस्थान/नेपाल कृषि अनुसन्धान परिषद्/ अन्य सरकारी तथा गैर सरकारी निकाय तथा संघ संस्थाहरुसँग रहेका सोही विषयहरुसँग सम्बन्धित विज्ञहरुको आवश्यक कोटा निर्धारण गरी उपलब्धताका लागि पत्राचार गरिनेछ। वा मन्त्रालयले विज्ञहरुको सूची (Roster) तयार गरी सूचिकृत भएका विषयसँग सम्बन्धित विज्ञहरुलाई सम्झौता गरी परिचालन गर्न सक्नेछ।

(३) विज्ञ सेवा उपलब्ध गराउने प्रस्तावकको योग्यता सूचिकृत भएका विषयसँग सम्बन्धित विषयमा विद्यावारिधि वा कम्तिमा स्नातकोत्तर उत्तीर्ण भई ५ वर्ष वा वि.एस्सी. कृषि वा सो सरहको अध्ययन गरी कम्तिमा १० वर्ष सम्बन्धित क्षेत्रमा अनुभव भएको हुनु पर्नेछ।

(४) सेवा उपलब्ध गराउन छनौट विज्ञहरुले मन्त्रालय, निर्देशनालय, सम्बन्धित जिल्लाका कार्यालय, कार्यक्रम लागू भएका स्थानीय तहको समन्वयमा रहेर सम्बन्धित स्मार्ट कृषि गाउँमा सेवा पुऱ्याउनु पर्नेछ।

(५) यसरी परिचालन हुने विषय विशेषज्ञको कार्यविवरण (TOR) देहाय बमोजिमको हुनेछ।

(क) सम्बन्धित कार्यक्षेत्रमा रही तोकिएको अवधिसम्म कामकाज गर्नुपर्ने,

(ख) विद्यमान रहेका कृषि प्रविधिहरु तथा कृषि व्यवसाय, बजारीकरण तथा व्यवस्थापन सम्बन्धी प्रविधि, अवधारणा र अभ्यासहरु कार्यान्वयन गर्न गराउन सहयोग गर्ने,

(ग) कृषकहरुलाई प्रत्यक्ष लाभ हुने विषयसँग सम्बन्धित प्रविधिहरुको पुस्तिका तथा अन्य ज्ञानमूलक सामाग्रीहरु तयार गरी उपलब्ध गराउने,

(घ) कृषकहरुलाई आवश्यकता अनुसार प्राविधिक सल्लाह तथा परामर्श दिने,

(ङ) फिल्डमा देखापरेका समस्याहरुको समाधान गर्न पहल गर्ने र थप सेवा आवश्यक भएमा मन्त्रालयलाई जानकारी गराउने,

(च) आवश्यकता अनुसार अन्तरक्रिया, प्रदर्शनी, शिविर तथा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(छ) समस्या समाधानका लागि थप अनुशन्धान आवश्यक भएमा मन्त्रालयलाई सुझाव दिने,

(ज) सम्पन्न सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धमा मन्त्रालयमा प्रस्तुति तथा अन्तिम प्रतिवेदन तयार गरी पेश गर्ने,

६. **खर्चको मापदण्ड** : (१) विषय विज्ञ सेवाका लागि विज्ञ परिचालन गरे वापत विषय विशेषज्ञलाई नियमानुसार मन्त्रालयले पारिश्रमिक बापतको रकम उपलब्ध गराउने छ।

(२) छोटो समय (बढीमा ७ दिन सम्म) बिज्ञ परिचालन गर्दा सम्बन्धित शाखाको सिफारिसमा कार्यालय प्रमुख वा सचिवले स्वीकृति दिन सक्नेछ ।

(३) पारिश्रमिक बापतको रकम र विज्ञसेवा लिने अवधि प्रस्तावका आधारमा कार्यक्रम व्यवस्थापन समितिले निर्णय गरी सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ। पारिश्रमिक वापतको रकममा नियम अनुसार करकट्टि गरिनेछ।

## परिच्छेद-४

## कृषि अध्ययनरत विद्यार्थी परिचालन तथा अनुसन्धान कार्यक्रम

७. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) वार्षिक स्वीकृत कार्यक्रममा बजेट व्यवस्था भए अनुरुप कृषि विद्यार्थी परिचालनका लागि विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पसबाट विद्यार्थीहरुलाई स्मार्ट कृषि गाउँहरुमा Project Work/Internship/Mini Research तथा सोधकार्य अनुसन्धान (Thesis Research and Survey) गराउन सक्ने गरी प्रस्ताव/आशय माग गरिनेछ।

(२) यसै कार्यक्रम मार्फत स्नातकोत्तर अन्तिम वर्ष वा विद्यावारिधि अध्ययनरत विद्यार्थीहरुलाई सोधकार्य अनुसन्धान (Thesis Research and Survey) कार्यमा संलग्न गराउन सम्बन्धित विश्वविद्यालय तथा अध्ययन संस्थानहरुसँग वार्षिक कोटा निर्धारण गरी मन्त्रालयले सिधै सम्झौता गर्न सक्नेछ।

(३) यसरी प्रस्ताव/आशय माग गर्दा स्मार्ट कृषि गाउँहरुको संख्या, आवश्यक प्राविधिक विषयसँग सम्बन्धित विद्यार्थी संख्या र विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पसहरुको संख्या तथा विद्यार्थी परिचालन गराउन सक्ने क्षमताको आधारमा सूची तयार गरी आवश्यक कोटा निर्धारण गरिनेछ।

(४) तयार भएको सूची अनुसार Project Work/Internship/Mini Research तथा सोधकार्य अनुसन्धान (Thesis Research and Survey) Course curriculum मा व्यवस्था भएका विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पसहरुलाई Project Work/ Internship/Mini Research तथा सोधकार्य अनुसन्धान (Thesis Research and Survey) का लागि संख्या उपलब्ध गराईनेछ।

(५) यसरी परिचालन हुने विद्यार्थीहरुले मन्त्रालय, ईकाइ, निर्देशनालय, सम्बन्धित जिल्लाका कार्यालय, कार्यक्रम लागू भएका स्थानीय तह वा वडाको सुझाव र सल्लाह बमोजिम सम्बन्धित स्मार्ट कृषि गाउँमा रहेर कार्य गर्नुपर्नेछ।

(६) परिचालन हुने विद्यार्थीहरुले कार्यविवरण (TOR) अनुसारको कार्यप्रगति विवरण सम्बन्धित जिल्लाका कार्यालय, कार्यक्रम लागू भएका स्थानीय तह र मन्त्रालयमा मासिक रुपमा पेश गर्नुपर्नेछ। कार्यसम्पन्न पश्चात मन्त्रालयमा प्रस्तुति सहित अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(७) परिचालित विद्यार्थीको अनुगमन र मूल्याङ्कनको व्यवस्था सम्बन्धित विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पसहरु स्वयंले र परिचालित जिल्लस्थित कार्यालयहरुका प्रमुखबाट हुने व्यवस्था मिलाउनु पर्नेछ। आवश्यकता अनुसार मन्त्रालय, ईकाइ, निर्देशनालय र स्थानीय तहबाट समेत अनुगमन मूल्याङ्कन हुनेछ।

(८) विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पसहरुले विद्यार्थी छनौट गर्दा देहायका मापदण्ड अनुसार प्राथमिकता दिनुपर्नेछ।

(क) कार्यक्रमका लागि माग भए अनुसार सम्बन्धित विषयमा अध्ययनरत रहेको,

(ख) सकभर कार्यक्रम लागू भएका सम्बन्धित स्थानीय तह वा जिल्लाको स्थायी ठेगाना भएको,

(ग) शैक्षिक स्तर राम्रो रहेको,

(घ) प्रसार तथा अनुसन्धानको कार्य गर्न इच्छुक र सो सम्बन्धी योग्य भएको,

(ङ) खटिई जाने क्षेत्रको स्थानीय भाषाको समेत ज्ञान रहेको,

(च) प्रदेशका सबै भौगोलिक क्षेत्रमा गई कामकाज गर्न ईच्छुक रहेको।

८. **खर्चको मापदण्ड** : (१) कृषि अध्ययनरत विद्यार्थी परिचालन तथा अनुसन्धान कार्यक्रममा सहभागि हुने विद्यार्थीहरुको सेवा सुविधाको मापदण्ड देहाय बमोजिम हुनेछ:

| कार्य प्रकार | अधिकतम रकम | समयावधि | कैफियत |
|---|---|---|---|
| क. Project Work/Internship/Mini Research | मासिक १५,०००।– (पन्ध्र हजार मात्र) | बढिमा ३ महिना | रोल्पा र पूर्वी रुकुमका लागि |
| | मासिक १२,०००।– (बाह्र हजार मात्र) | | अन्य पहाडी जिल्लाका लागि |
| | मासिक १०,०००।– (दश हजार मात्र) | | तराई जिल्लाका लागि |

| | | | |
|---|---|---|---|
| ख. सोधकार्य अनुसन्धान (Thesis Research and Survey) | बढीमा १.५ लाख मात्र | कार्ययोजना अनुसार | स्नातकोत्तर तह |
| | बढीमा २.५ लाख मात्र | | विद्यावारिधि तह |

(१) Project Work/Internship/mini Research तथा सोधकार्य अनुसन्धान (Thesis Research and Survey) कार्यमा सहभागी हुने विद्यार्थीहरुको प्रस्तावनाको मूल्याङ्कन तथा सञ्चालन हुने कार्यको प्रभावकारिता हेरी कार्यक्रम व्यवस्थापन समितिले तोके बमोजिमको रकम उपलब्ध गराईनेछ। यसरी उपलब्ध हुने अनुदान रकम सम्झौतामा उल्लेख गरी सम्बन्धित विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पसलाई उपलब्ध गराइनेछ।

(२) अनुदान रकमको सदुपयोग खर्च व्यवस्थापन तथा लेखा परीक्षण गराउने जिम्मा सम्बन्धित विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पसको हुनेछ।

(३) अनुदान प्रवाहको किस्ता रकम सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

(४) कार्यक्रमका लागि तोकिएको बजेट सीमा भित्र रही विद्यार्थीले प्रस्तावको कार्ययोजना तथा लागत खर्चमा अनुसन्धान कार्यमा सहयोग पुऱ्याउने सुपरभाइजर समेतको पारिश्रमिक तथा अनुगमन वापतको रकम उल्लेख गर्नु पर्नेछ।

(५) यसरी परिचालन हुने विद्यार्थीहरुको सेवा सुविधाको मापदण्ड विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पसहरुसँग आवश्यकता अनुसार समन्वय गरी वार्षिक स्वीकृत कार्यक्रमको परिधिभित्र रही समितिले परिमार्जन गर्न सक्नेछ।

## परिच्छेद-५

## समस्यामा आधारित अध्ययन/अनुसन्धान/परीक्षण प्रदर्शन कार्यक्रम

९. **कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) कार्यक्रम व्यवस्थापन इकाईले वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए अनुरुप समस्यामा आधारित अध्ययन/अनुसन्धान/परीक्षण प्रदर्शनका लागि विषयहरुको सूची तयार गर्ने छ।

(२) तयार भएका सूची अनुसार कार्यक्रम व्यवस्थापन समितिले निर्णय गरी मन्त्रालय/कार्यालयले समस्यामा आधारित अध्ययन/अनुसन्धान/परीक्षण प्रदर्शनका लागि सम्बन्धित विश्वविद्यालय, अध्ययन संस्थान र नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका क्षेत्रीय कार्यालय, बाली वस्तु विशेष अनुसन्धान कार्यक्रमहरु तथा विषयसँग सम्बन्धित अन्य संघ संस्थाहरुसँग सोझै प्रस्ताव माग गर्न सक्नेछ।

(३) उपलब्ध प्रस्तावहरुको कार्यक्रम व्यवस्थापन समितिले मूल्याङ्कन गरी छनौट गर्नेछ।

(४) यसरी छनौट भएका प्रस्तावहरुका प्रस्तावकहरुसँग समस्यामा आधारित अध्ययन/अनुसन्धान/परीक्षण प्रदर्शन आदि कार्यका लागि कार्यविवरण (TOR) सहित सम्झौता गरिनेछ।

(५) प्रस्तावकले स्मार्ट कृषि गाउँका समस्यामा आधारित अनुसन्धान (Problem Based Action Research), उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोगी प्रदर्शन तथा परीक्षण आदि कार्यहरु सम्बन्धित कृषि ज्ञान केन्द्र वा विज्ञ केन्द्रको समन्वयमा कृषकहरुको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ।

(६) अनुसन्धान कार्यक्रम संचालन गर्ने मूख्य प्रस्तावक/अनुसन्धानकर्ताको योग्यता सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उत्तीर्ण गरेको हुनुपर्नेछ।

(७) छनौट भएका प्रस्तावकले मन्त्रालय, निर्देशनालय, सम्बन्धित जिल्लाका कार्यालय, कार्यक्रम लागू भएका स्थानीय तह वा वडाको समन्वयमा रहेर सम्बन्धित स्मार्ट कृषि गाउँमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(८) सम्झौता अनुसारको कार्य सम्पन्न पश्चात् अनुसन्धानकर्ताले उपलब्ध नतिजा तथा अनुभव बारे सम्बन्धित स्मार्ट कृषि गाउँ, जिल्लास्थित कार्यालय र सम्बन्धित स्थानीय तहमा जानकारी गराउनु पर्नेछ।

(९) अनुसन्धानकर्ताले आफै प्रतिनिधित्व गर्ने कार्यालय/संस्थाको उपस्थितिमा मन्त्रालयमा प्रस्तुति गर्ने तथा सम्पूर्ण तथ्याङ्क सहित अन्तिम प्रतिवेदनको ३ प्रति Hard and Soft Copy इकाईमा पेश गर्नु पर्नेछ। नतिजाको सारांश कृषकहरुले बुझ्ने गरी नेपाली भाषामा छुट्टै उपलब्ध गराउनु पर्नेछ।

(१०) जिल्लास्थित कार्यालयबाट सञ्चालन हुने कार्यक्रमहरु बजेटमा व्यवस्था भए अनुसार जिल्लास्थित कार्यक्रम व्यवस्थापन समितिले निर्णय गरी ईष्टिमेट स्वीकृत गराई जातीय परीक्षण, प्रविधि प्रदर्शन, क्याम्प तथा शिविर, कृषक पाठशाला तथा विषयसँग सम्बन्धित अनुसन्धान आदि कार्यक्रमहरु गर्न/गराउन सक्नेछन्।

(११) जिल्लास्थित कार्यालयबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार विषयगत कार्यालयहरु, सम्बन्धित स्थानीय तह तथा विषयसँग सम्बन्धित कार्य गरिरहेका अन्य संघ संस्थाहरुसँग समन्वय गर्न सकिनेछ।

१०. **<u>खर्चको मापदण्ड</u>** : (१) इकाईले सूची तयार गरेका विषयहरुमा समस्यामा आधारित अध्ययन/अनुसन्धान/परीक्षण प्रदर्शन आदि कार्यक्रम सञ्चालन गर्न विस्तृत प्रस्तावको मूल्याङ्कन तथा सञ्चालन हुने कार्यको प्रभावकारिता हेरी प्रति अनुसन्धान बढीमा १.५ लाखसम्म रकम उपलब्ध गराउन सकिनेछ।

(२) यसरी उपलब्ध हुने रकमको किस्ता भूक्तानी समय सीमा सहित विस्तृत कार्ययोजना अनुसार सम्झौतामा उल्लेख गरे बमोजिम उपलब्ध गराइनेछ।

## परिच्छेद-६

## <u>उत्कृष्ट स्मार्ट कृषि गाउँ पुरस्कार कार्यक्रम</u>

११. **<u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>** : (१) उल्लेखनीय कार्य गर्ने र कृषि क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने स्मार्ट कृषि गाउँलाई थप प्रोत्साहन गर्न पुरस्कार प्रदान गरिनेछ।

(२) पुरस्कार दिने कार्यका लागि प्रगति, सम्पादित क्रियाकलाप, उत्पादन तथा बजारीकरणको अवस्था, रोजगारी सृजना, समिति तथा गाउँको सक्रियता, कार्यक्रमको प्रभावकारिता आदि सूचकका आधारमा फर्मेट स्वीकृत गरी मूल्याङ्कन गरिनेछ।

(३) उपलब्ध फर्मेटमा आधारित रही जिल्लास्थित कार्यक्रम व्यवस्थापन समितिको निर्णय अनुसार कार्यालयको सिफारिस तथा प्राथमिकताक्रमलाई आधार लिई कार्यक्रम व्यवस्थापन समितिले मूल्याङ्कन गरी उत्कृष्ट गाउँहरु छनौट गर्नेछ।

(४) यसरी छनौट भएका उत्कृष्ट गाउँहरुलाई पुरस्कार रकम तोक्न कार्यक्रम व्यवस्थापन समितिले स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा व्यवस्था भएको निर्देशक समिति समक्ष पेश गर्नेछ।

(५) उत्कृष्ट स्मार्ट कृषि गाउँबाट पुरस्कृत हुने स्मार्ट कृषि गाउँलाई जानकारी गराई पुरस्कार एवं सम्मान समारोहमा प्रस्तुतिको लागि उपस्थिति हुनु पर्नेछ।

१२. **खर्चको मापदण्ड** : (१) बजेटमा व्यवस्था भई निर्देशक समितिले तोके बमोजिम उत्कृष्ट स्मार्ट कृषि गाउँहरुलाई नगद पुरस्कार तथा प्रमाण-पत्र प्रदान गरिनेछ।

(२) यसरी उपलब्ध गराइएको रकम सम्बन्धित स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितिले कोषमा राखी उत्पादनशील क्षेत्र तथा क्षमता विकासमा लगानी गर्नु पर्नेछ।

## परिच्छेद७-

## जलवायु अनुकूलन प्रविधि विस्तार सहयोग कार्यक्रम

१३. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) इकाईले जलवायु अनुकूलन प्रविधि विस्तार सहयोग कार्यक्रमका लागि विषयहरुको सूची तयार गरी विषयसँग सम्बन्धित सूचिकृत संस्था वा सेवा प्रदायकसँग विस्तृत प्रस्ताव माग गर्ने छ।

(२) प्रस्तावक संस्था लामो समय देखि जलवायु अनुकूलन प्रविधिमा कार्य गरिरहेको दक्षता प्राप्त संस्था हुनु पर्नेछ। प्रस्तावकबाट पेश हुने टिमलिडरको योग्यता सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उत्तीर्ण भई ५ वर्ष अनुभव भएको हुनु पर्नेछ।

(३) सूची अनुसारका प्रस्तावकको परिचालन गराउन सक्ने क्षमताको आधारमा कार्यक्रम व्यस्थापन समितिले प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट गर्नेछ।

(४) यसरी छनौट भएका प्रस्तावहरुका प्रस्तावकहरुसँग कार्यविवरण (TOR) सहित सम्झौता गरिनेछ।

(५) प्रस्तावकले स्मार्ट कृषि गाउँमा जलवायु अनुकूलन उत्पादन, प्रशोधन तथा बजारीकरण प्रविधि प्रयोग गर्ने, विस्तार गर्ने, आदि कार्यहरु

सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा कृषकहरुको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ।

(६) सम्झौता अनुसारको कार्य सम्पन्न पछि उपलब्ध नतिजा तथा अनुभव बारे सम्बन्धित स्मार्ट कृषि गाउँमा र मन्त्रालयमा प्रस्तुति गर्ने तथा अन्तिम प्रतिवेदनको ३ कपी Hard and Soft Copy इकाईमा पेश गर्नु पर्नेछ। नतिजाको सारांश कृषकहरुले बुझ्ने सरल नेपाली भाषामा छुट्टै उपलब्ध गराउनु पर्नेछ।

१४. **<u>खर्चको मापदण्ड</u>** : (१) इकाईले सूची तयार गरेका विषयहरुमा जलवायु अनुकूलन प्रविधि विस्तार सहयोग कार्यक्रम सञ्चालन गर्न विस्तृत प्रस्ताव मूल्याङ्कन तथा सञ्चालन हुने कार्यको प्रभावकारिता हेरी प्रति प्रस्तावना बढीमा रु १.५ लाखसम्म रकम उपलब्ध गराउन सकिनेछ।

(२) यसरी उपलब्ध हुने रकम कार्यसञ्चालनका लागि समयसीमा सहित विस्तृत कार्ययोजना अनुसार ६०% कार्यसम्पन्न भएपछि ५०% र अन्तिम प्रतिवेदन प्राप्त भएपछि बांकी ५०% रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराइनेछ।

## परिच्छेद -८

## <u>अनुगमन र समन्वय</u>

१५. **<u>अनुगमन</u>**: (१) अनुदानप्राप्त संस्थाले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, ईकाइ, जिल्ला स्थित कार्यालय, स्थानीय तह तथा प्रदेश सरकारका सरोकारवाला कार्यालयले समेत संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

**१६. <u>समन्वय</u>** : मन्त्रालयले कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तह बीच समन्वय गर्नेछ।

## परिच्छेद- ९

## विविध

**१७. <u>कारवाहीको व्यवस्था</u>** : कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरु र साझेदार संस्था वा व्यक्तिले सम्झौताको पालना गर्नु पर्नेछ र मन्त्रालयले वा कार्यालयले दिएको निर्देशन एवं प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु सम्बन्धित संस्था वा विज्ञ वा विद्यार्थीको कर्तब्य हुनेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित कानून अनुसार कारवाही हुनेछ।

**१८. <u>बाधा अड्चन फुकाउ र व्याख्या</u>** : (१) यस कार्यक्रम सञ्चालन विधिको कार्यान्वयनमा केही बाधा अड्चन आइपरेमा वा द्विविधा उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

(२) यस कार्यक्रम सञ्चालन विधिमा उल्लेख भएका विषयको सन्दर्भमा यसै कार्यक्रम सञ्चालन विधि बमोजिम र नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची-१

## सम्झौता-पत्रको ढाँचा

प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७....../०७........ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्मार्ट कृषि गाउँ कार्यक्रमका लागि सहयोगी कार्यक्रम अन्तर्गत ....................................................................................... कार्यक्रम सञ्चालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, (यसपछि प्रथम पक्ष भनिने) ............... र श्री .............................. (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरिदियौं/लियौं।

**तपसिल:**

१. प्रथम पक्षले स्मार्ट कृषि गाउँ कार्यक्रममा लागि सहयोगी कार्यक्रम अन्तर्गत ........................................................................... कार्यक्रम सञ्चालन गर्न दोस्रो पक्षलाई रु ...................(अक्षरुपी ............................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ।

२. दोस्रो पक्षले स्वीकृत कार्ययोजनामा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

३. प्रथम पक्ष आफैले वा तोकेको कार्यालयले स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएको प्रगतिका आधारमा अनुदान रकम दोस्रो पक्षको बैङ्क खातामा एकमुष्ठ भुक्तानी दिईनेछ। यो रकम कार्यक्रम सम्पन्न पछि मात्र भुक्तानी हुनेछ।

४. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

५. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमत अनुसार हुनेछ।

६. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

७. द्विपक्षीय सम्झौता मुताविकको काम नगरी रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको लागि प्रक्रिया अगाडी बढाउन सक्नेछ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालय: | कार्यालय: |
| संस्थाको छाप: | कार्यालयको छाप: |
| रोहवर | |
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालय: | कार्यालय: |

इति सम्वत साल ................ महिना ............... रोज ............. शुभम्..................

**नोट :**द्विपक्षीय सम्झौतामा आश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थपघट गर्न सकिनेछ।